# श्री पहिलाखोला सामुदायिक वन उपभोक्ता समूह,
## सैनामैना न.पा.-१० र ११, रुपन्देही

प.स. ०८१।०८२ मिति : २०८१।०४।१७

**विषय : गोलिया काठ लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना !**

**(बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति २०८१।०४।१७)**

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समूहले स्विकृत वन कार्ययोजना कार्यान्वयनको क्रममा आ.व. २०८०/०८१ मा उत्पादन भई उपभोक्ताहरु लाई वितरण गरी बचेका सामुदायिक वन कार्यालयको कम्पाउण्डभित्र घाटगद्दी भएका देहाय बमोजिमका विभिन्न जातका गोलिया काठ हाल जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलवन्दी प्रथाद्वारा लिलाम बिक्री गर्नु पर्ने भएकाले सम्वन्धित सबैको जानकारीको लागी यो सूचना दाउरा प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्न इच्छुक तथा योग्य संघ संस्था उद्योग वा फर्मले सुचना प्रकाशित मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको २:०० बजे भित्र भित्र खरिद गरेको निकायमा दाखिला गर्न सकिने व्यहोरा सूचित गरिन्छ ।

**१. तपसिल**

**श्री पहिलाखोला सा.व.उ.स., कञ्चन-५, रुपन्देही**

| लट नं. | उत्पादन विवरण | प्रजाति | ग्रेड. | गोलिया थान | आयतन (क्यू.फि.) | न्यूनतम मूल्य दर प्रति क्यू.फू. | न्यूनतम मूल्य रु. | संकलन खर्च | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १/०८१/०८२ | आ.व.०८०।८१ को | साल | A | ३ | ३२.०६ | १२५० | ४००७५ | ८६७१० | |
| | | साल | B | १३ | ९०.७७ | ९०० | ८१६९३ | | |
| | | साल | C | ४० | १६१.३५ | ६०० | ९६८१० | | |
| | | साल | D | ९ | १७.७८ | ३०० | ५३३४ | | |
| | | असना | A | १ | १०.९४ | ४०० | ४३७६ | | |
| | | असना | B | १० | ७१.७३ | ३०० | २१५१९ | | |
| | | असना | C | २१ | ९०.५२ | १०० | ९०५२ | | |
| | | बाझी | N | २१ | १०६.३८ | १०० | १०६३८ | | |
| | | जामुन | A | २ | ३३.६४ | ४०० | १३४५६ | | |
| | | जामुन | B | ६ | ४३.१३ | ३०० | १२९३९ | | |
| | | जामुन | C | २ | ८.७ | १०० | ८७० | | |
| | जम्मा | | | १२८ | ६६७.०० | | २९६७६२ | ८६७१० | |

२. बोलपत्र खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :-

(क) खरिद गर्ने अन्तिम मिति २०८१/०५/०५ गते कार्यालय समयसम्म ।

(ख) दाखिला गर्ने अन्तिम मिति २०८१/०५/०६ गते दिउसो २.०० बजेसम्म ।

३. बोलपत्र डिभिजन वन कार्यालय, रुपन्देही र यस समुहको कार्यालयवाट नियमानुसार हुने रकम तिरी खरिद गरी दाखिला गर्न सकिने छ ।

४. शिलवन्दी बोलपत्र साथ कबोल रकमको १० प्रतिशतले हुन आउने धरौटी यस समूहको नाममा रहेको कामाना सेवा विकास बैंक, सालझण्डी शाखामा रहेको हिसाव नं. ०२६००३००१३५०६८००००१ चल्ती खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तीमा ६ महिना अवधिको बैंक जमानत समावेश गर्नुपर्ने छ । **तर धरौटी वापतको रकम नगदै शिलवन्दी बोलपत्र साथ राखिएमा उक्त बोलपत्र मान्य हुने छैन ।**

५. लिलाम बिक्री हुने वन पैदावार सम्वन्धित घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।

CamScanner

# श्री पहिलाखोला सामुदायिक वन उपभोक्ता समूह,

## सैनामैना न.पा.-१० र ११, रुपन्देही

६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले काठ दाउराको कारोवार गर्ने व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, सूचिकृत भएको पत्र बोलपत्रसाथ पेश गर्नुपर्ने छ।

७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१।०५।०७ गते दिनको १:०० बजे कार्यालय प्रतिनिधी, वोलपत्रदाता वा निजका प्रतिनिधि रोहवरमा समूहको कार्यालयमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधीको अनुपस्थितिमा बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

८. लिलाम स्विकृतीको जानकारी कार्यालयको सुचना पाटीमा टाँस गरिनेछ। स्वीकृतिको जानकारी टाँस भएको मितिले १५ दिन भित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर समेत बुझाई तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

१०. शिलवन्दी भई नआएको, सम्वन्धित कार्यालयवाट विकी नभएको वा बोलपत्रको फोटोकपी दाखिला गरेको, जसको नाममा विकी भएको बोलपत्र फाराम हो, उसैको तर्फवाट दाखिला नगरेको, वोलपत्रदाताको हस्ताक्षर नभएको (फर्मको हकमा छाप र हस्ताक्षर नभएको) कबोल अंकको १० प्रतिशत धरौटी समावेश नभएको र बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरु पूरा नभएको, वोलपत्र उपर कारवाही हुनेछैन।

११. बोलपत्र शिलवन्दी गरी पेश गर्नुपर्नेछ र शिलवन्दी खाममा लट नम्वर, पेश गर्ने फर्मको नाम र ठेगाना समेत उल्लेख गरी श्री पहिलाखोला सा.व.उ.स.को काठ लिलाम शिलवन्दी वोलपत्र भनी उल्लेख गरेको हुनुपर्नेछ।

१२. वोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, यस समितिमा निहीत रहने छ।

१३. यसमा उल्लेख भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभए जतिको हकमा प्रचलित नीति नियम अनुसार हुने छ।

१४. उपरोक्त उल्लेखित कुनै दिनमा विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुने छ

१५. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**ईति सम्वत् २०८१ साल श्रावण महिना १७ गते रोज ०५ मा शुभम् ..................................।**